# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बझाङ, बित्थडचिर गाउँपालिका वडा नं. ९ स्थित श्री सुनकुडा माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले विद्यालयलाई मनपरी ढंगले संचालन गरेको तथा विद्यालयको विभिन्न शीर्षकमा निकासा भएको रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिका, वडा नं. ९ स्थित सुनकुडा माध्यमिक विद्यालयको ३ तले, १२ कोठे भवन निर्माणका लागि अल सोलुसन इन्जिनिरियङ्ग कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन प्रा.लि., चैनपुर, बझाङ्ग र सुनकुडा माध्यमिक विद्यालय, बझाङबीच भौतिक संरचनाहरूको ड्रइङ डिजाईन इस्टिमेट गर्न मिति २०७४।१२।०४ को सम्झौता अनुसार रू. ३,५५,५१,४८२/७५ रकमको लागत अनुमान तयार गरेको देखिएको, नमूना विद्यालय कार्यक्रम कार्यान्वयनका लागि बित्थडचिर गाउँपालिका र सुनकुडा माध्यमिक विद्यालय बीच सम्झौता भएको, सम्झौतामा गाउँपालिकाले उपलब्ध गराउने रकमको हिस्सा तथा सम्झौता कहिले सम्पन्न भएको भन्ने समेतका मिति उल्लेख भएको नदेखिएको, गाउँपालिका र विद्यालयबीच भएको सम्झौताबमोजिम उक्त सुनकुडा माध्यमिक बिद्यालयको ३ तले १२ कोठे नमूना बिद्यालय भवन निर्माण गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियमका कानुनी व्यवस्थाहरूको अनिवार्य पालना गरी बोलपत्रमार्फत निर्माण गर्नुपर्नेमा सो नगरी विद्यालय व्यवस्थापन समितिमार्फत भवन निर्माण गरिएको देखिएको, उक्त बिद्यालयको भवन निर्माण कार्यको वास्तविक भएको निर्माण कार्यभन्दा अन्तिम बिल/नापी किताबमा बढी मूल्याङ्कन गरी गराई भुक्तानीका लागि कारवाही अगाडि बढाएको देखिएको, यसरी कारवाही अगाडि बढाउँदा निर्माणस्थलको स्थलगत नापजाँच बमोजिमको फिल्डमा भएको निर्माण तथा लगानी खर्च परिमाणलाई पहिले तयार भएको काम तथा बिल भुक्तानीसँग तुलनात्मक अध्ययन विश्लेषण गरी सोही अनुसार परिमाणसँग प्रत्येक आइटमहरूको तुलना गर्दा सार्वजनिक निर्माणतर्फ रू.१७,७५,०२७।१२ वास्तविक निर्माण कार्यभन्दा बढी मूल्याङ्कन गरी रकम भुक्तानी गरी सरकारी सम्पत्ति हानिनोक्सानी गरेको पुष्टि भएको देखिएको, यसैगरी Electric Cost (वाइरिंग) तथा Cost of Tools (मेसिनरी औजार) मा सामाजिक लेखापरीक्षण अनुसार खर्च भएको वास्तविक रकमभन्दा बढी रकम रू.२,२६,७५२।– नभए नगरेको कामलाई भए गरेको देखाउनुको साथै सुनकुडा माध्यमिक विद्यालयको आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनमा सुनकुडा माध्यमिक विद्यालय नमूना विद्यालयको रूपमा छनौट भई भवन निर्माणका लागि आवश्यक सामान खरिद गर्दा नियमानुसार लाग्ने अग्रीम आय सम्बन्धित सप्लायर्सबाट, सामाजिक सुरक्षा कर सम्बन्धित कामदारबाट र बहाल कर सम्बन्धित सवारी धनीबाट कट्टा गरी बाँकी रकम भुक्तानी दिनुपर्ने कानुनी दायित्व जिम्मेवारी र कर्तब्य हुँदाहुँदै गैरकानुनी लाभ लिने दिने उद्देश्यले सो नगरी कर बापतको रकम विद्यालयको आन्तरिक कोषबाट आ.व. २०७६/०७७ मा रू.३,२७,९०४।—र आ.व. २०७७/०७८ रू.३,२५,०००।—गरी जम्मा रू.६,५२,९०४।– कर दाखिला गरेको देखिँदा प्रतिवादीहरूले उल्लिखित कूल जम्मा रकम रू.२६,५४,६८३।१२ (छब्बीस लाख चौवन्न हजार छ सय त्रियासी रूपैंया बाह्र पैसा) नेपाल सरकार एवं सार्वजनिक संस्था विद्यालयको सम्पत्ति हानिनोक्सानी, हिनामिना एवं दुरूपयोग गरी आफुहरूले गैरकानुनी लाभ लिएको पुष्टि भएको हुँदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिजको कसूर भएकोले उक्त कार्यमा संलग्न देहायबमोजिमका प्रतिवादीहरू उपर देहायबमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | सुनकुडा माध्यमिक विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रमेश बहादुर अधिकारी,** उक्त विद्यालयका प्रधानाध्यापक **धन बहादुर विष्ट** र लेखापाल **हर्क बहादुर विष्ट** | रू.२६,५४,६८३।१२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूरमा बिगो रू. छब्बीस लाख चौवन्न हजार छ सय त्रियासी रूपैयाँ बाह्र पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै प्रतिवादीहरु रमेश बहादुर अधिकारी र धन बहादुर विष्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | जिल्ला बझाङ, बित्थडचिर गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **रमेश बहादुर विष्ट** | रू.२०,०१,७७९।१२ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू. बीस लाख एक हजार सात सय उनासी रूपैयाँ बाह्र पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) विपरीतको कसूरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | जिल्ला बझाङ, बित्थडचिर गाउँपालिकाका तत्कालीन सव-इन्जिनियर **किरण भण्डारी** | रू.२०,०१,७७९।१२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू. बीस लाख एक हजार सात सय उनासी रूपैयाँ बाह्र पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा ३ को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) विपरीतको कसूरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता

सुरेश न्यौपाने